'सुरक्षित भविष्यका लागि सञ्चय कोष'
# सञ्चयकोष
e-newsletter
। वर्ष ३ । अंक ११ । २०७२ कार्तिक, मंसिर, पौष ।

# बजेटको प्रभावकारी कार्यान्वयन र अनुगमन आवश्यक



संस्थागत स्रोत साधनहरूलाई योजनावद्ध रूपमा उपलब्धिपूर्ण बनाउनु कार्यक्रमको उद्धेश्य हो । साथै कोषलाई योजनावद्ध रूपले अगाडि बढाउन प्रभावकारी अनुगमन र मूल्यांकन विधिका लागि समेत वरिष्ठ कार्यकारी मञ्चबाट उपयुक्त सुझावको अपेक्षा गरिएको छ ।
- प्रशासक कृष्णप्रसाद आचार्य

कर्मचारी सञ्चय कोषका प्रशासक कृष्णप्रसाद आचार्यले कोषको वार्षिक बजेट पास भइसकेको सन्दर्भमा उल्लेखित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र अनुगमनमा जोड दिनु आवश्यक भएको बताउनु भएको छ ।

कोषको योजना, अनुगमन तथा मूल्यांकन विभागद्वारा आ.व. २०७२/७३ विशेष कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा वरिष्ठ कार्यकारी मञ्च र नलेज सेयरिङ्ग सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्ने सन्दर्भमा प्रशासक आचार्यले सो कुरा बताउनु भएको हो । कार्यक्रम गत कार्तीक २२ गते कोषको पुल्चोकस्थित तालिम कक्षमा सम्पन्न भएको थियो ।

प्रशासक आचार्यले संस्थागत स्रोत साधनहरुलाई योजनावद्ध रुपमा उपलब्धिपूर्ण बनाउनु कार्यक्रमको उद्देश्य रहेको चर्चा गर्दै कोषको मानव संसाधन योजना अन्तर्गत जनशक्तिको विकासका लागि समेत कार्यक्रमले योगदान गर्न सकोस भन्ने अपेक्षा रहेको बताउनु भयो । त्यसैगरी प्रशासक आचार्यले कोषलाई योजनावद्ध रुपले अगाडि बढाउन प्रभावकारी अनुगमन र मूल्यांकन विधिका लागि समेत मञ्चबाट उपयुक्त सुझावको अपेक्षा गरिएकोमा जोड दिनु भयो ।

कार्यक्रममा मुख्य अधिकृत हसना शर्माले आर्थिक वर्षको सुरुमै हुनुपर्ने यो कार्यक्रम ढीला भए पनि निरन्तरता पाएकोमा सन्तोष व्यक्त गर्दै बजेटमा प्रस्तावित कार्यक्रमहरुको सफलताको लागि छलफलले अवश्य पनि योगदान पुर्‍याउने बताउनु भयो ।

यसैगरी, का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्लेले चालु वर्षका लागि तय कार्यक्रमहरुको बारेमा संक्षिप्त जानकारी गराउँदै यसको कार्यान्वयन र सफलताको लागि कोष प्रतिवद्ध रहेको दृढता व्यक्त गर्नु भयो । कोषको सेवा तथा सुविधामा विस्तार गर्दै जिल्लास्थित कार्यालयहरुलाई समय सापेक्ष रुपमा व्यवस्थित तुल्याउँदै लैजान कोष सदैव तत्पर रहेको कुरा उहाँले बताउनुभयो ।

...बाँकी पृष्ठ २ मा »

पृष्ठ २

## सञ्चयकर्तालाई मुनाफा वितरण



## घर सापटीको सीमा रु.१ करोड

## सामाजिक सुरक्षा सुविधाहरुमा वृद्धि :

- कोषद्वारा सञ्चयकर्तालाई प्रदान गरिने औषधोपचार खर्च सीमा १५ हजारलाई वृद्धि गरी २५ हजार र ३५ हजारलाई वृद्धि गरी ५० हजार कायम ।
- सञ्चयकर्ताको हकवालालाई प्रदान गरिने काज किरिया खर्च साविकको २५ हजारलाई वृद्धि गरी ३० हजार कायम ।
- सेवाकालमा मृत्यु भएका वा पूर्ण अंगभंग भएमा साविकमा प्रदान गरिदै आएको १ लाख रूपैयाँलाई वृद्धि गरी १लाख २५ हजार कायम ।

...बिस्तृत पृष्ठ ३ मा »

भित्री पृष्ठमा

पृष्ठ ३ : कोष समाचार
- सुत्केरी सञ्चयकर्तालाई शिशु हेरचाह खर्च
- लिखित परीक्षा सञ्चालनको सूचना सार्वजनिक

पृष्ठ ४,५,६ : कोष गतिविधि
- नलेज सेयरिंग कार्यक्रम सुरु
- कोषको आर्थिक विवरण
- सञ्चयकर्ता सन्तुष्टि अन्तर्वार्ता

# १ अर्ब ३६ करोड रुपैयाँ भन्दा बढी मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०७१/०७२ को असारसम्म १ अर्व ७० करोड ५८ लाख ८२ हजार मुनाफा आर्जन गरेको छ। यसमध्ये कोषले १ अर्ब ३६ करोड रुपैयाँ भन्दा बढी रकम सञ्चयकर्तालाई मुनाफा बापत वितरण गरेको छ।

वितरित मुनाफा कोषले आर्जन गरेको कुल मुनाफाको ८० प्रतिशत रहेको छ। सञ्चयकर्ताहरुको कोषमा जम्मा रहेको आ.व. २०७१/०७२ को सुरु मौज्दातमा ०.८५ प्रतिशतका दरले सो मुनाफा वितरण गरिएको छ। यसैगरी, कूल मुनाफाको सञ्चयकर्ता कल्याणकारी कोषमा १० प्रतिशत, जगेडा कोषमा ४.४१, कर्मचारी कल्याण कोषमा ५ र मानव संसाधन विकास कोषमा ०.५९ प्रतिशत बाँडफाँड गरिएको छ।

कोषको २०७२ असारसम्मको वासलात अनुसार मुनाफा बाँडफाँड कोषमा १ अर्ब ३६ करोड ४७ लाख ५ हजार ६ सय रुपैयाँ, सञ्चयकर्ता कल्याणकारी को षमा १७ करोड ५ लाख ८८ हजार, जगेडा कोषमा ७ कारोड ५२ लाख ९४ हजार ४३९, कर्मचारी कल्याण कोषमा ८ करोड ५२ लाख ९४ हजार र मानव संसाधन विकास कोषमा १ करोड बाँडफाँड गरिएको छ। वासलात सम्बन्धी विस्तृत विवरण पृष्ठ ६ मा उल्लेख छ।

# घर सापटीको अधिकतम सीमा रु.१ करोड

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुलाई हाल प्रदान गर्दै आएको घर सापटीको अधिकतम सीमा १ करोड तोकेको छ। प्रदान गर्दै आएको सापटी सुविधाहरुमा वृद्धि गरी समयानुकुल सुधार गर्दै जाने सन्दर्भमा कोषले घरसापटीमा सो सीमा तोकेको हो। कोषले नयाँ व्यवस्थाबाट आमसञ्चयकर्ता लाभान्वित हुने अपेक्षा गरेको छ।

नयाँ व्यवस्था अनुसार सञ्चयकर्ता घर सापटी तर्फ धितो मूल्यांकनबाट कायम भएको रकममा नवढने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमान र सेवा अवधिको आधारमा, सेवा अवधि वा पदावधि १० वर्ष भन्दा कम भएका सञ्चयकर्ताहरुको हकमा १२ वर्षको तलव बराबर रकम वा सेवा अवधि वा पदावधि १० वर्ष वा सो भन्दा बढी भएका सञ्चयकर्ताहरुको हकमा १५ वर्षको तलव वरावर रकम प्रदान गरिने छ। घर सापटीको अधिकतम सीमा १ करोड तोकिएको छ।



सञ्चयकर्ता सरल चक्र कर्जातर्फ धितो मूल्यांकनबाट कायम भएको रकममा नबढने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमान र सेवा अवधिको आधारमा सापटीको न्युनतम सीमा ५ लाख र अधिकतम सीमा १० वर्षको तलव बराबर वा ३० लाख मध्ये जुन कम हुन्छ सो रकम वरावर सापटी प्रदान गरिने छ।

त्यस्तै सञ्चयकर्ता विशेष सापटी अन्तर्गत साविकको व्यवस्थामा परिवर्तन गरी प्रत्येक वर्ष नवीकरण गर्न सक्ने व्यवस्था कोषले गरेको छ।

## बजेटको प्रभावकारी कार्यान्वयन...

पृष्ठ १ बाट क्रमश:

साथै मुलुकको संघीय संरचना अनुरुप कोषको विस्तार हुन सक्ने सम्भावनाहरुलाई सामना गर्न कोष तत्पर रहे को उहाँले बताउनुभयो।

मानव संशाधन विभागका प्रमुख शिवकुमार अर्यालले कार्यक्रममा छलफलका विषय प्रस्तुत गर्दै कोषले सहभागीहरुका तर्फबाट रचनात्मक सुझावको अपेक्षा गरेको बताउनु भयो।

कार्यक्रमका संयोजक योजना अनुगमन तथा मूल्यांकन विभागका प्रमुख लक्ष्मीप्रसाद श्रेष्ठले पारित बजेट तथा वार्षिक कार्यक्रमहरुको बारेमा प्रकाश पार्दै यसका उद्देश्य, परिचय, नीति तथा यसको कार्यान्वयन अवस्थाका बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो। छलफल कार्यक्रममा संस्थागत बजेटको सहज कार्यान्वयन, बरिष्ठ कार्यकारी मञ्चका सहभागीहरुबीच नलेज सेयरिंग, कोषको कार्य क्षमता अभिवृद्धि, कोषको आईसीटी नीति लगायत जिल्ला शाखाकार्यालयहरुको प्रभावकारिता सम्बन्धमा प्रस्तुति र छलफल भएको थियो।

वरिष्ठ कार्यकारी मञ्च कोषमा कार्यरत वरिष्ठ अधिकृतहरु सम्मिलित मञ्च हो। मञ्चमा बजेट, कार्यक्रम लगायत कोषसंग सम्बन्धित महत्वपूर्ण विषयहरुमा छलफल हुँदै आएको छ। मञ्चमा हुने छलफल कार्यक्रमहरुमा कोषमा कार्यरत युनियनका प्रतिनिधिहरुलाई समेत सहभागिता गराउने प्रचलन रहँदै आएको छ।

# सुत्केरी सञ्चयकर्तालाई शिशु हेरचाह खर्च

कर्मचारी सञ्चय कोषले नयाँ कार्यक्रमको रुपमा सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम लागू गरेको छ। महिला सञ्चयकर्ता आफै वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा यस कार्यक्रम अन्तर्गत तमाम नोकरी अवधिमा दुई पटकसम्म प्रति प्रसुति सात हजार पाँच सय रुपैयाँ सुत्केरी तथा शिशु हेरचाह खर्च प्राप्त गर्न सक्ने छन्। यो सुविधा प्राप्त गर्न सञ्चयकर्ताको नियमित कोषकट्टी भएको हुनु पर्छ। साथै सञ्चयकर्ताले शिशुको जन्म दर्ता प्रमाणपत्र वा अस्पतालको जन्म प्रमाणपत्रको प्रतिलिपि, सञ्चयकर्ता कार्यरत कार्यालयको सुत्केरी तथा सुत्केरी स्याहार विदा बसेको प्रमाणित पत्र, पति पत्नीको सम्बन्ध खुल्ने कुनै कागजात पेश गर्नु पर्ने छ। यो सुविधा लिनका लागि सञ्चयकर्ताले सुत्केरी भएको मितिले ६ महिना भित्र भुक्तानी दावी गरी सक्नु पर्ने छ।

### सामाजिक सुरक्षा सुविधामा हेरफेर

त्यसैगरी कोषले सञ्चयकर्ताहरुलाई हाल प्रदान गरिरहेको सामाजिक सुरक्षा सुविधाहरुमा वृद्धि गरेको छ। कोषबाट सञ्चयकर्ताहरुलाई काज किरिया खर्च, औषधी उपचार सहयोग कार्यक्रम र व्यक्तिगत दुर्घटना क्षतिपूर्ति योजनामार्फत सामाजिक सुरक्षा प्रदान गरिँदै आएको छ।

गत आश्विनदेखि लागू यस वृद्धि अनुसार सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७० को प्रकरण (५) बमोजिम सञ्चयकर्ताको औषधोपचारमा खर्च भएको रकमको शोधभर्नाको सीमा १५ हजारलाई वृद्धि गरी २५ हजार र ३५ हजारलाई वृद्धि गरी ५० हजार कायम गरिएको छ।

सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा निजको हकवालालाई प्रदान गरिने काज किरिया खर्च साविकको २५ हजारलाई वृद्धि गरी ३० हजार कायम गरिएको छ।

कर्मचारी सञ्चय कोषका जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली, २०६२ को नियम ८ को उपनियम (१) (क) बमोजिम सञ्चयकर्ताको मृत्यु वा पूर्ण अङ्गभङ्ग भएमा साविकमा प्रदान गरिदै आएको एक लाख रुपैयाँलाई वृद्धि गरी एक लाख २५ हजार कायम गरिएको छ।



# लिखित परीक्षा सञ्चालनको सूचना सार्वजनिक

कर्मचारी सञ्चय कोषले गत आषाढमा प्रकाशित गरेको कोषको आवश्यकता सम्बन्धी सूचना अनुसार विभिन्न पदहरुको खुल्ला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षा आगामी फागुन ७ गतेबाट सुरु हुने भएको छ।

कोषले प्रमुख सहायक, चार्टर्ड एकाउन्टेन्ट, बरिष्ठ कम्प्युटर सहायक र शाखा अधिकृतहरुको माग गरेको थियो।

प्रकाशित विज्ञापन नम्बर बमोजिमका पदहरुमा आवेदन दिने उम्मेदवारहरुमध्ये आवेदन स्वीकृत भएका उम्मेदवारहरुको नामावली कोषको सूचना पाटी र कोषको वेवसाइटमा हेर्न सकिने छ।

सूचना अनुसार प्रमुख सहायक पदको लागि फागुन ७ र ८, चार्टर्ड एकाउण्टेन्ट पदको लागि फागुन १४ र १५, वरिष्ठ कम्प्युटर सहायकको लागि फागुन २२ र शाखा अधिकृत पदको लागि चैत्र १९, २० र २१ गते परीक्षा मिति तोकिएको छ।

परीक्षा केन्द्र सम्बन्धी सूचना यही माघ २५ गतेको गोरखापत्र तथा कोषको वेवसाइट www.epf-nepal.com.np मा प्रकाशित गरिने जनाईएको छ। परीक्षार्थीहरुको प्रवेशपत्र मिति माघ २५ गतेदेखि कोषको मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरबाट वितरण हुने सूचनामा उल्लेख छ।

# 'नलेज सेयरिंग' कार्यक्रम सुरु



कर्मचारी सञ्चय कोषको विभिन्न विभाग/शाखा/शाखा कार्यालयहरुले कार्यरत कर्मचारीहरुबीच एक आपसमा नलेज सेयरिंग कार्यक्रमको सुरुवात गरेका छन् ।

कोषको आ.व.२०७२/७३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भए अनुसार सो कार्यक्रम सुरु भएको हो

कार्यरत कर्मचारीबीच सम्बन्धित विषयहरुमा कार्य सञ्चालन तथा अन्य विषयहरसँग सम्बन्धित ज्ञान, सीप, र अनुभव आदान प्रदान गर्न नलेज सेयरिंग सम्बन्धी विशेष कार्यक्रम रहेको छ । कार्यरत कर्मचारीहरुलाई कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरुको बारेमा जानकारी गराउन र कोषको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई कार्यालयको कार्यप्रति थप उत्तरदायी बनाउनु कार्यक्रमको उद्देश्य रहेको छ ।

ज्ञान तथा अनुभव सहितको अवधारणा पत्रको प्रस्तुति मार्फत सञ्चालन हुने नलेज सेयरिंग कार्यक्रमका लागि विभाग/ शाखा/ शाखा कार्यालयहरुले एक आ.व. भित्रमा न्यनतम १२ वटा कार्यक्रम सम्पन्न गर्नु पर्नेछ। कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धीत मुख्य अधिकृतहरुबाट हुने कार्यक्रमको प्रस्तुति, छलफल र प्राप्त सुझाव तथा निष्कर्ष सहितको वार्षिक प्रतिवेदन तयार गरी मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग मार्फत प्रशासक समक्ष पेश गर्नु पर्ने कार्यक्रम सम्बन्धी स्वीकृत निर्देशिकामा उल्लेख छ ।

# वरिष्ठ अधिकृतहरुबीच अनुभव आदानप्रदान

कर्मचारी सञ्चय कोषका प्रशासक कृष्णप्रसाद आचार्यले बरिष्ठ अधिकृतहरुले आर्जन गर्नु भएको ज्ञान र अनुभवको आदानप्रदानले कोषको कार्य-शैलीमा सकारात्मक परिवर्तन ल्याउन सक्ने बताउनु भएको छ ।

प्रशासक आचार्यले स्वदेश तथा विदेशमा आयोजना हुने कोषसंग सम्बन्धित कार्यक्रमहरुमा सहभागी कोषका बरिष्ठ अधिकृतहरुको मञ्चमा सो धारणा व्यक्त गर्नु भएको हो ।

कोषका वरिष्ठ अधिकृतहरुबीच अनुभव आदानप्रदान गर्ने उद्देश्यले योजना अनुगमन तथा मूल्यांकन विभागद्वारा गत कात्तिकमा आयोजित नलेज सेयरिंग कार्यक्रममा नायब मुख्य अधिकृत विरेन्द्र मोहन भट्टराई र वरिष्ठ प्रवन्धक राजाराम श्रेष्ठले इशा एकेडेमिक वर्कशप अन सर्विस क्वालिटी विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा वरिष्ठ प्रबन्धक ओमकृष्ण श्रेष्ठले थाइल्याण्डमा औपचारिक/अनौपचारिक क्षेत्रको सामाजिक सुरक्षण सम्बन्धी अध्ययन भ्रमण विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी, बरिष्ठ प्रवन्धक ध्रुव भट्टराई र प्रवन्धक दिलिपराज पौडेलले इटलीमा भएको सामाजिक सुरक्षण सम्बन्धी कार्यक्रममा गर्नु भएको सहभागितालाई समेटेर तयार गर्नु भएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

यसैगरी, कोषको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन शाखाद्वारा गत पौषमा आयोजित अनुभव आदानप्रदान कार्यक्रममा प्रबन्धक द्वय मदन सुवेदी र नगेन्द्र पौडेलले डिजायनिंग अनइम्प्लोयमेन्ट बेनिफिट इन्टिग्रेटेड विथ एक्टिभ लेवर मार्केट पोलिसी विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रवन्धक राकेशलाल श्रेष्ठ र सुभाष खडकाले कोषको सूचना, सञ्चार तथा प्रविधि विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

सञ्चयकोषको व्यवस्था भविष्यको सुरक्षा

कोषको e-service सेवा मार्फत आफू बसेको ठाउँबाट सञ्चयकोष कट्टी, सापटी कट्टीको हिसाब र सञ्चयकोषद्वारा प्रदान गरिने सेवा सम्बन्धी जानकारी लिएर लाभ उठाऔं ।

# सहज छ सेवाकेन्द्रको सेवाप्रवाह : सञ्चयकर्ता

*कर्मचारी सञ्चय कोषको पुल्चोकस्थित कोष परिसरमा सञ्चालनमा रहेको सेवा केन्द्रबाट प्रदान भइरहेको सेवाबाट सेवाग्राही सञ्चयकर्ता सन्तुष्ट रहेको पाइएको छ । हाल यो सेवा केन्द्रबाट सञ्चयकर्ताहरुले ९० प्रतिशत सापटी, खाता अवलोकन, सापटी जम्मा लगायत भुक्तानी सेवाहरु प्राप्त गरिरहेका छन ।*

*प्रशुति गृह, थापाथलीस्थित परिवार नियोजन शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक ओम कुमारी कँडेल यो सेवा केन्द्रबाट सेवा लिने एक सेवाग्राही हुनुहुन्छ । प्रस्तुत छ सेवा केन्द्रबाट प्रदत्त सेवाको बारेमा कँडेलसँग गरीएको कुराकानीको अंश :*



***ओमकुमारी काडेल, जनस्वास्थ्य निरिक्षक परिवार नियोजन शाखा, प्रशुति गृह, थापाथली***

### पुल्चोकस्थित सेवा केन्द्रबारे कसरी थाहा पाउनु भयो ?

यो सेवा केन्द्रबारेमा मैले अलि पहिले नै समाचार बाट थाहा पाएकी हुँ । सेवा केन्द्रबारे थाहा पाए पछि नै आज समेत दोस्रो पटक म यहाँ आएकी हुँ ।

### पुल्चोकस्थित सेवा केन्द्रबाटै सेवा लिन किन तत्पर हुनु भयो ?

त्यसो त मेरो नोकरी जीवनको लगभग २१ वर्षको अवधीमा मैले कोषबाट प्रदान गरिँदै आएको सापटी सुविधा आफुलाई पायक पर्दै आएको शाखाहरुबाट लिँदै आएको हुँ । यस पटक म काठमाडौंमै कार्यरत रहेको हुँदा सापटी लिन मेरो लागी ठमेल, सिँहदरबार र पुल्चोकस्थित सेवा केन्द्र विकल्पमा रहे पनि मैले यो सेवा केन्द्र नै रोज्नुको पछाडि नजिक हुनु, भिडभाड कम हुनु र छोटो समयमै सेवा प्राप्त हुने भएकोले नै हो ।

### सेवा कस्तो पाउनु भयो त ?

आफ्नो कार्य र अन्य सम्बन्धीत कार्यको सिल्सिलामा अनेक प्रकारको कार्यालयमा गएर सेवा लिई रहनु पर्ने हुन्छ । यस सन्दर्भमा



***सञ्चयकर्ता सेवाकेन्द्र रहेको कोषको पुल्चोकस्थित भवन ।***

तुलनात्मक रुपमा हेर्दा मैले कोषको सेवा छिटो छरितो र विश्वसनिय नै पाएको अनुभव छ । अझ, नयाँ सेवा केन्द्र भएकोले पनि मैले यो सेवा केन्द्रबाट सोचेको भन्दा कम समयमै सेवा पाएको छु र म सन्तुष्ट पनि छु ।

### यो सेवा केन्द्रको प्रभावकारिताबारे के भन्न चाहनु हुन्छ ?

मैले बुझेसम्म यो सेवा केन्द्रले सीमित सेवाहरु मात्रै प्रदान गर्दै आएको छ । तर, सेवा केन्द्रको सेवालाई अझ विस्तार गर्दै कोषबाट प्रदान गरिने अन्य सुविधाहरुलाई समेत समेटन सकेमा यस भेगका आम कर्मचारी सोझै लाभान्वित हुनेमा म विश्वस्त छु । खासगरी यातायात र आवत जावत गर्ने हिसावले पुल्चोक क्षेत्र बाहिरबाट आउने सञ्चयकर्ता कर्मचारीहरुको लागि समेत उपयुक्त रहेकोले यसको औचित्यता विस्तारै सावित हुँदै जानेछ ।

### यो सेवा केन्द्रबाट बढीभन्दा बढी सञ्चयकर्ता लाभान्वित हुन सकुन भनेर के सुझाव दिन चाहुनु हुन्छ ?

पहिलो कुरा त यो सेवा केन्द्रबारे कोषले चाहिने जति प्रचार प्रसार गरेको मैले पाएको छैन । यद्यपी हामी जस्ता सेवाग्राहीले आफ्ना सहकर्मी साथीहरुलाई सेवा केन्द्रबारे जति बताए पनि त्यो सिमित नै हुने रहेछ । त्यसकारण कोषले सेवा केन्द्रबाट सञ्चयकर्ताहरु लाभान्वित हुन सकुन भनेर संचार माध्यमहरुमध्ये उपयुक्त माध्यम छनौट गरी सेवा केन्द्रबारे नियमित जानकारी गराउन सके बढीभन्दा बढी सञ्चयकर्ता लाभान्वित हुन सक्ने सुझाव दिन चाहन्छु ।

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

# आय विवरण

### २०७१ श्रावण १ गतेदेखि २०७२ आषाढ मसान्तसम्म

| विवरण | अनुसूची | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| १) ऋण तथा लगानीबाट आम्दानी | १८ | १५,००८,३३१,३५६ | १४,०९४,८२१,३१५ |
| २) ब्याज खर्च | १९ | १२,३९९,७९३,९६४ | ११,५१९,३१६,७०४ |
| ३) कुल मुनाफा (१-२) | - | २,६०८,५३७,३९२ | २,५७५,५०४,६११ |
| ४) विविध आम्दानी | २० | १९१,९४२,४२६ | २३७,०७४,६९१ |
| ५) व्यवस्थापन खर्च | | ९४४,३९९,७२७ | ८९०,६४१,०५२ |
| क) कर्मचारी खर्च | २१ | ७८६,१०६,३८२ | ७३३,६२९,३५० |
| ख) सञ्चालन खर्च | २२ | १०३,७८६,९२१ | ९९,५४०,७६३ |
| ग) ह्रास खर्च | | ५१,७११,११७ | ५४,९७३,६७१ |
| ङ) वित्तीय खर्च | | २,७९५,३०७ | २,४९७,२६८ |
| ६) कर्जा तथा लगानी जोखिम व्यवस्थाको अघिको मुनाफा (३+४–५) | - | १,८५६,०८०,०९१ | १,९२१,९३८,२५० |
| ७) कर्जा तथा लगानी जोखिमको व्यवस्था | २३ | १५१,८०५,६०७ | २४८,९९१,४९३ |
| ८) कर्जा तथा लगानी जोखिमको व्यवस्था पछिको मुनाफा (६–७) | - | १,७०४,२७४,४८४ | १,६७२,९४६,७५७ |
| ९) विगत वर्षको आम्दानी (खर्च) | | १,६०७,५५५ | ३,४८१,४२८ |
| १०) अपलेखित कर्जाको आम्दानी/खर्च समायोजन अघिको मुनाफा (८+९) | | १,७०५,८८२,०३९ | १,६७६,४२८,१८५ |
| ११) अपलेखित कर्जाको खुद खर्च (आम्दानी) | २४ | – | (२४,८८४,३४३) |
| १२) खुद मुनाफा (नोक्सान) | | १,७०५,८८२,०३९ | १,७०१,३१२,५२८ |

| सि.नं. | जगेडा कोषका शीर्षक | बाँडफाँड गरिएको रकम रु. | बाँडफाँड प्रतिशत |
|---|---|---|---|
| क) | मुनाफा बाँडफाँड कोष | १,३६४,७०५,६०० | ८०.० |
| ख) | सञ्चयकर्ता कल्याणकारी कोष | १७०,५८८,००० | १०.० |
| ग) | जगेडा कोष (भैपरी आउने) | ७५,२९४,४३९ | ४.४१ |
| घ) | कर्मचारी कल्याणकारी कोष | ८५,२९४,००० | ५.० |
| ङ) | मानव संसाधन बिकास कोष | १०,०००,००० | ०.५९ |
| जम्मा | | १,७०५,८८२,०३७ | १००.०० |

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

### वासलात

२०७२ आषाढ मसान्त

| विवरण | | अनुसूची (रु.) | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|---|
| १. कोषको स्रोत | | | | |
| १.१ | सञ्चय कोष | १ | १८७,५६५,३४५,०९७ | १६३,५४८,५७५,२४६ |
| १.२ | मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ४,६२८,००२,००८ | ४,२०२,८८६,२९७ |
| १.३ | पूँजीगत जगेडा कोष | ३ | - | - |
| १.४ | दायित्वहरु | ४ | ८०३,६१७,४८५ | ७३३,२७१,३३४ |
| १.५ | व्यवस्थाहरु | ५ | १,४४६,२८२,१४९ | १,२०५,६५२,१५२ |
| जम्मा | | | १९४,४४३,२४६,७३९ | १६९,६९०,३८५,०२९ |
| २. कोषको उपयोग | | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ६ | ८,०१४,७७४,३५५ | ७,३८०,८०१,५३९ |
| २.२ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १५,२२६,३९८,३५८ | १४,१३०,१०४,७२३ |
| २.३ | मुद्दती निक्षेपमा लगानी | ८ | ३६,८७०,०००,००० | २६,६६०,०००,००० |
| २.४ | डिवेन्चरमा लगानी | ९ | - | - |
| २.५ | शेयरमा लगानी | १० | २,२२०,५३०,७४१ | २,२२०,५३०,७४१ |
| २.६ | परियोजना कर्जा | ११ | २४,८१९,६२६,११४ | २४,८६२,२८२,२४५ |
| २.७ | सञ्चयकर्ता सापटी | १२ | १०४,११५,९५६,४७४ | ९१,५७६,२९९,५८० |
| २.८ | आवास परियोजनामा लगानी | १३ | - | - |
| २.९ | स्थिर सम्पत्तिमा लगानी | १४ | ७८८,३०४,०७६ | ८२०,७१४,५८५ |
| २.१० | स्थिर सम्पत्ति | १५ | ३२०,३०५,६२० | ३२८,८५७,८०१ |
| २.११ | निर्माणाधीन सम्पत्ति | १६ | २,१६८,३५३ | २,१६८,३५३ |
| २.१२ | विविध सम्पत्ति | १७ | २,०६५,१८२,६४८ | १,७०८,६२५,४६२ |
| जम्मा | | | १९४,४४३,२४६,७३९ | १६९,६९०,३८५,०२९ |

## कोष कार्यालयका सम्पर्क नम्बरहरु

**केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर : ०१ ५०१०१६५, ५०१०१६६**

**ठमेलस्थित कोषको कार्यालय : ०१ ४२२३३२०, ०१ ४२१५२१४**

| शाखा कार्यालय | फोन नं. | फ्याक्स नं. |
|---|---|---|
| शाखा कार्यालय, धनकुटा | ०२६-५२००४९ | ०२६-५२००५२ |
| शाखा कार्यालय, विराटनगर | ०२१-४७२७८४ | ०२१-४७२७८५ |
| शाखा कार्यालय, सुर्खेत | ०८३-५२३०६६ | ०८३-५२३०२७ |
| शाखा कार्यालय, पोखरा | ०६१-५२६८११/५५०४५० | ०६१-५२५००२ |
| शाखा कार्यालय, बुटवल | ०७१-५५१५१८/१९/२१ | ०७१-५५१५२० |
| शाखा कार्यालय, धनगढी | ०९१-५२०६९२ | ०९१-५२०६९१ |
| शाखा कार्यालय, हेटौंडा | ०५७-५२४३७७ | ०५७-५२४३६४ |
| शाखा कार्यालय, कोहलपुर | ०८१-५४१२८२ | |
| सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरबार, काठमाडौं | ४२००४६६/४२००४६७ | |

## कोषको दुरदृष्टि
(VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भुमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## दीर्घकालीन लक्ष
(MISSION)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

•

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।

•

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।

•

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## व्यवस्थापकीय मूल्य मान्यता

- निष्पक्षता र तटस्थता *(Fairness and Neutrality)*
- जवाफदेहिता र पारदर्शिता *(Accountability and Transparency)*
- सेवाको गुणस्तरमा निरन्तर सुधार *(Continuous Improvement in Quality of Service)*
- कार्यदक्षता र प्रभावकारिता *(Efficiency and Effectiveness)*
- नतिजा उन्मुख *(Result Orientation)*
- सहकार्य र सहभागिता *(Team Work and Participation)*

## सम्पादन समूह

संयोजक
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
का.मु.ना.मु.अ. श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सदस्य
शाखा अधिकृत श्री ओजस्वी गौतम

लेआउट/डिजाइन:
राजेन्द्रविक्रम के सी


**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np